नेपाल सरकार

अर्थ मन्त्रालय
MINISTRY OF FINANCE

# पत्रकार भेटघाट
# तथा
# अन्तरक्रिया कार्यक्रम

२०८१ माघ ६ गते आइतबार

नेपाल सरकार

अर्थ मन्त्रालय
MINISTRY OF FINANCE

# प्रस्तुतिका विषयवस्तुहरू

१. प्रमुख आर्थिक परिसूचकहरू

२. अर्धवार्षिक राजस्व सङ्कलनको अवस्था

३. अर्धवार्षिक सङ्घीय बजेट खर्चको अवस्था

४. अन्तर-सरकारी वित्तीय हस्तान्तरण

५. अन्तर्राष्ट्रिय विकास सहायताको अवस्था

६. सार्वजनिक ऋणको अवस्था

७. नेपाल सरकारको सिफारिसमा सम्माननीय राष्ट्रपतिबाट जारी अध्यादेश (आर्थिक पक्षसँग सम्बन्धित विषय)

# प्रमुख आर्थिक परिसूचकहरू (१)

| क्र.सं. | सूचक | एकाई | अवधी | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|---|---|---|
| १ | त्रैमासिक कूल गार्हस्थ उत्पादन वृद्धिदर | प्रतिशत | प्रथम त्रैमास | ३.४ | ३.६ |
| २ | औषत उपभोक्ता मुद्रास्फीति | प्रतिशत | श्रावण-मंसिर | ४.८८ | ६.७१ |
| ३ | वस्तु आयात | रु. करोडमा | प्रथम ६ महिना | ८,२२,३७ | ७,६८,१७ |
| ४ | वस्तु निर्यात | रु. करोडमा | प्रथम ६ महिना | ९८,७९ | ७४,९७ |
| ५ | आयात वृद्धि | प्रतिशत | प्रथम ६ महिना | ७.१ | -३.१ |
| ६ | निर्यात वृद्धि | प्रतिशत | प्रथम ६ महिना | ३१.८ | -७.२ |
| ७ | आयात : निर्यात अनुपात | अनुपात | प्रथम ६ महिना | ८.३:१ | १०.२:१ |
| ८ | विप्रेषण आप्रवाह वृद्धि (ने.रु.मा) | प्रतिशत | श्रावण-मंसिर | ४.४ | २७.६ |
| ९ | शोधानान्तर स्थिति बचत | रु. करोडमा | श्रावण-मंसिर | २,२५,३४ | २,१०,५९ |
| १० | कूल विदेशी विनिमय सञ्चिति | अमेरिकी डलर | श्रावण-मंसिर | १६,७६ | १३,३१ |

नेपाल सरकार

अर्थ मन्त्रालय
MINISTRY OF FINANCE

# प्रमुख आर्थिक परिसूचकहरू (२)

| क्र.सं. | सूचक | एकाई | अवधी | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
|---|---|---|---|---|---|
| ११ | नेपाल सरकारको राजस्व वृद्धि | प्रतिशत | प्रथम ६ महिना | १२.७ | ८.२ |
| १२ | नेपाल सरकारको खर्च वृद्धि | प्रतिशत | प्रथम ६ महिना | १७.८ | -१.७ |
| १३ | वित्तीय संस्थामा निक्षेप सङ्कलन वृद्धि | रु. अर्बमा | प्रथम ६ महिना | २,११ | ३,७७.०७ |
| १४ | निक्षेप सङ्कलन वृद्धि | प्रतिशत | प्रथम ६ महिना | ३.३ | ६.६ |
| १५ | निजी क्षेत्रमा प्रवाहित कर्जा वृद्धि | रु. अर्बमा | प्रथम ६ महिना | २२८ | १९२.६४ |
| १६ | कर्जा प्रवाह वृद्धि | प्रतिशत | प्रथम ६ महिना | ४.४१ | ४.०० |
| १७ | वाणिज्य बैङ्कहरूको कर्जा निक्षेप अनुपात | प्रतिशत | पुस मसान्त | ७९.०२ | ८१.९७ |
| १८ | निक्षेपको भारित औषत ब्याजदर | प्रतिशत | मंसिर | ४.७८ | ७.३२ |
| १९ | कर्जाको भारित औषत ब्याजदर | प्रतिशत | मंसिर | ८.९० | ११.३८ |
| २० | नेप्से सूचक | सूचक | पुस मसान्त | २,५९४.१३ | २,१२०.६२ |

नेपाल सरकार

अर्थ मन्त्रालय
MINISTRY OF FINANCE

# अर्धवार्षिक राजस्व सङ्कलनको अवस्था (रु. करोडमा)


| शीर्षक | आ.व.२०८१/८२ | | | | | आ.व.२०८०/८१ | | | | | राजस्व सङ्कलनमा भएको वृद्धि % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | पुषसम्मको | | | वार्षिक लक्ष्यको तुलनामा सङ्कलन% | वार्षिक लक्ष्य | पुषसम्मको | | | वार्षिक लक्ष्यको तुलनामा सङ्कलन% | |
| | | लक्ष्य | सङ्कलन | प्रगति % | | | लक्ष्य | सङ्कलन | प्रगति % | | |
| कर राजस्व जम्मा | १२,८४,२१ | ६,०२,७१ | ४,८९,४० | ८१.२ | ३८.१ | १३,०५,४८ | ६,१०,५९ | ४,४३,५५ | ७२.६ | ३४.० | १०.३ |
| भन्सार महशुल | ३,०७,३६ | १,४५,७५ | १,०७,३७ | ७३.७ | ३४.९ | ३,०७,४४ | १,६०,१४ | ९५,८३ | ५९.८ | ३१.२ | १२.० |
| मूल्य अभिवृद्धि कर | ३,८६,५२ | १,८३,७९ | १,५४,८५ | ८४.३ | ४०.१ | ४,२५,८९ | १,९२,८२ | १,४१,४२ | ७३.३ | ३३.२ | ९.५ |
| अन्तःशुल्क | १,९४,९६ | ९१,४३ | ८३,३९ | ९१.२ | ४२.८ | २,०७,२२ | ९३,७२ | ६८,६७ | ७३.३ | ३३.१ | २१.४ |
| आयकर | ३,९०,७१ | १,८०,६९ | १,४१,९४ | ७८.६ | ३६.३ | ३,६२,१२ | १,६२,६६ | १,३६,०५ | ८३.६ | ३७.६ | ४.३ |
| शिक्षा सेवा शुल्क र अन्य | ४,६६ | १,०५ | १,८५ | १७६.२ | ३९.७ | २,८१ | १,२६ | १,५९ | १२६.२ | ५६.५ | १६.४ |
| गैरकर राजस्व | १,३५,०९ | ७०,११ | ७०,२१ | १००.१ | ५२.० | १,१७,०६ | ५७,५८ | ५२,९५ | ९२.० | ४५.२ | ३२.६ |
| कुल राजस्व | १४,१९,३० | ६,७२,८२ | ५,५९,६१ | ८३.२ | ३९.४ | १४,२२,५४ | ६,६८,१७ | ४,९६,५० | ७४.३ | ३४.९ | १२.७ |
| विविध प्राप्ति | ० | ० | ७,७९ | | | ० | ० | १८,९० | | | |
| जम्मा राजस्व/प्राप्ति | १४,१९,३० | ६,७२,८२ | ५,६७,४० | ८४.३ | ४०.० | १४,२२,५४ | ६,६८,१७ | ५,१५,४० | ७७.१ | ३६.२ | १०.१ |


स्रोतः राजस्व व्यवस्थापन महाशाखा, २०८१

नेपाल सरकार

# अर्धवार्षिक राजस्व सङ्कलनः प्रगति तथा वृद्धि दर (%)

अर्थ मन्त्रालय
MINISTRY OF FINANCE



नेपाल सरकार

अर्थ मन्त्रालय
MINISTRY OF FINANCE


# अर्धवार्षिक सङ्घीय बजेट खर्चको अवस्था (रु. करोडमा)


| शीर्षक | आ.व.२०८१/८२ | | | आ.व.२०८०/८१ | | | सार्वजनिक व्ययमा भएको वृद्धि % |
|---|---|---|---|---|---|---|---|
| | वार्षिक विनियोजन | पुषसम्मको व्यय | वार्षिक विनियोजनको तुलनामा व्यय % | वार्षिक विनियोजन | पुषसम्मको व्यय | वार्षिक विनियोजनको तुलनामा व्यय % | |
| चालू खर्च(अ.स.वि.ह.बाहेक) | ७,३१,७९ | २,६६,८५ | ३६.५ | ७,४१,७० | २,५९,३८ | ३५.० | २.९ |
| अन्तर-सरकारी वित्तीय हस्तान्तरण | ४,०८,८८ | १,८५,१५ | ४५.३ | ४,००,०९ | १,७८,०० | ४४.५ | ४.० |
| पूँजीगत खर्च | ३,५२,३५ | ५६,९४ | १६.२ | ३,०२,०७ | ४९,२४ | १६.३ | १५.६ |
| वित्तीय व्यवस्था | ३,६७,२८ | १,५८,६६ | ४३.२ | ३,०७,४५ | ८०,०० | २६.० | ९८.३ |
| जम्मा | १८,६०,३० | ६,६७,६० | ३५.९ | १७,५१,३१ | ५,६६,६२ | ३२.४ | १७.७ |

स्रोतः बजेट तथा कार्यक्रम महाशाखा, महालेखा नियन्त्रक कार्यालय

# अर्धवार्षिक सङ्घीय बजेट खर्च: प्रगति तथा वृद्धि दर %





नेपाल सरकार

अर्थ मन्त्रालय
MINISTRY OF FINANCE

# अन्तर-सरकारी वित्तीय हस्तान्तरण (रु. करोडमा)

| शीर्षक | आ.व.२०८१/८२ | | |
|---|---|---|---|
| | वार्षिक विनियोजन | पुषसम्म हस्तान्तरण | वार्षिक विनियोजनको तुलनामा हस्तान्तरण % |
| वित्तीय समानीकरण अनुदान | १,४८,०० | ६८,२६ | ४६.१ |
| सशर्त अनुदान | २,३४,७७ | १,१२,२५ | ४७.८ |
| समपुरक अनुदान | १३,२० | २,४३ | १८.४ |
| विशेष अनुदान | १२,९० | २,५१ | १९.५ |
| जम्मा अनुदान | ४,०८,८७ | १,८५,४४ | ४५.४ |
| राजस्व बाँडफाँट | १,५९,०० | ५१,७४ | ३२.५ |
| जम्मा हस्तान्तरण | ५,६७,८७ | २,३७,१८ | ४१.८ |


*स्रोतः महालेखा नियन्त्रक कार्यालय*

# अन्तर्राष्ट्रिय विकास सहायताको अवस्था (रु. करोडमा)



## वैदेशिक सहायता प्राप्तिः लक्ष्य तथा प्रगति

| सहायता शीर्षक | आ.व.२०८१/८२ | | | आ.व.२०८०/८१ | | | सहायता प्राप्तिमा भएको वृद्धि % |
|---|---|---|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | पुषसम्मको प्राप्ति | वार्षिक लक्ष्यको तुलनामा प्राप्ति % | वार्षिक लक्ष्य | पुषसम्मको प्राप्ति | वार्षिक लक्ष्यको तुलनामा प्राप्ति % | |
| वैदेशिक अनुदान | ५२,३३ | ७,७२ | १४.८ | ४९,९४ | ७,३७ | १४.८ | ४.८ |
| वैदेशिक ऋण | २,१७,६७ | ४१,३७ | १९.० | २,१२,७५ | ३७,६० | १७.७ | १०.० |
| कुल वैदेशिक सहायता | २,७०,०० | ४९,०९ | १८.२ | २,६२,६९ | ४४,९७ | १७.१ | ९.२ |




## नयाँ वैदेशिक सहायता प्रतिवद्धता

| सहायता शीर्षक | द्विपक्षीय | बहुपक्षीय | जम्मा |
|---|---|---|---|
| वैदेशिक अनुदान | ३५,५१ | १५,८१ | ५१,३२ |
| वैदेशिक ऋण | ० | १५१,०८ | १,५१,०८ |
| कुल वैदेशिक सहायता | ३५,५१ | १,६६,८९ | २,०२,४० |

नेपाल सरकार

अर्थ मन्त्रालय
MINISTRY OF FINANCE

# सार्वजनिक ऋणको अवस्था (रु. करोडमा)

## सार्वजनिक ऋण परिचालनः लक्ष्य तथा प्रगति

| ऋण शीर्षक | आ.व.२०८१/८२ | | | आ.व.२०८०/८१ | | | ऋण प्राप्तिमा भएको वृद्धि % |
|---|---|---|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | पुषसम्मको प्राप्ति | वार्षिक लक्ष्यको तुलनामा प्राप्ति % | वार्षिक लक्ष्य | पुषसम्मको प्राप्ति | वार्षिक लक्ष्यको तुलनामा प्राप्ति % | |
| आन्तरिक ऋण | ३,३०,०० | १,८१,०५ | ५४.९ | २,४०,०० | १,२८,३१ | ५३.५ | ४१.१ |
| वैदेशिक ऋण | २,१७,६७ | ५९,०३ | २७.१ | २,१२,७५ | ३७,६० | १७.७ | ५७.० |
| कुल ऋण | ५,४७,६७ | २,४०,०९ | ४३.८ | ४,५२,७५ | १,६५,९१ | ३६.६ | ४४.७ |

## नेपाल सरकारको कुल सार्वजनिक ऋण दायित्वको अवस्था

| ऋणको विवरण | शुरु मौज्दात (२०८१ श्रावण १) | २०८१/८२ पौष मसान्त सम्मको प्राप्ति | २०८१/८२ पौष मसान्त सम्मको भुक्तानी | विनिमय दर नाफा/नोक्सान | जम्मा तिर्न बाँकी ऋण दायित्व |
|---|---|---|---|---|---|
| आन्तरिक ऋण दायित्व | ११,८०,९० | १,८१,०५ | १,२७,२४ | ० | १२,३४,७१ |
| बाह्य ऋण दायित्व | १२,५३,२० | ५९,०३ | २२,४३ | -११,६२ | १३,०१,४२ |
| जम्मा ऋण दायित्व | २४,३४,१० | २,४०,०९ | १,४९,६७ | -११,६२ | २५,३६,१३ |

# हालै जारी अध्यादेशमा आर्थिक पक्षसँग सम्बन्धित विषय

- नेपालको संविधानको धारा ११४ मा सङ्घीय संसदको दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक अन्य अवस्थामा तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषदको सिफारिशमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछ भन्ने संवैधानिक व्यवस्था रहेको।
- मुलुकको आर्थिक तथा व्यावसायिक वातावरण सुधार गर्नुका साथै लगानी अभिवृद्धिमा सहयोग पुऱ्याउन, सार्वजनिक प्रतिष्ठानमा रहेको सरकारी लगानीको प्रभावकारी व्यवस्थापन गर्न, बजेट तर्जुमा र कार्यान्वयनसम्बन्धी कार्यविधिगत स्पष्टता प्रदान गर्न, साथै सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्न सम्बन्धित ऐनहरूमा संशोधन गर्नेगरी नेपाल सरकार (मन्त्रिपरिषद्) को सिफारिसमा सम्माननीय राष्ट्रपतिज्यूबाट विभिन्न ५ वटा अध्यादेशहरू जारी गरिएको छ।
- यसक्रममा जारी भएका अध्यादेशहरू मध्ये आर्थिक विषयसँग प्रत्यक्ष सम्बन्धित देहायका ३ वटा अध्यादेशहरुमा भएका मुलुभुत विषयहरू यस छलफलमा राखिनेछः

(१) आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल कानूनलाई संशोधन गर्ने अध्यादेश, २०८१

(२) निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१

(३) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१

नेपाल सरकार

# आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धि सम्बन्धी केही नेपाल कानूनलाई संशोधन गर्ने अध्यादेश, २०८१ (१)

अर्थ मन्त्रालय
MINISTRY OF FINANCE

## १. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ मा संशोधनः

- सूचना प्रविधिमा आधारित नेपाली कम्पनीहरूले विदेशमा लगानी गर्न, साथै कुनै पनि नेपाली नागरिकले आफू विदेशमा रहँदा बस्दाको अवधिमा गरेको आर्जनबाट प्राप्त रकमलाई विदेशमा कुनै पनि क्षेत्रमा लगानी गर्न पाउने व्यवस्था गरिएको छ।
- यस व्यवस्थाबाट अन्तर्राष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्ने गरी नेपाली सूचना प्रविधिमा आधारित कम्पनीले विदेशमा सहायक कम्पनी तथा शाखा खोल्न, कारोवार गर्न, विदेशमा भएको आम्दानी नेपालमा भित्र्याउन सक्ने छन्।

## २. राजस्व न्यायाधिकरण ऐन, २०३१ मा संशोधनः

- राजस्व न्यायाधिकरण वा उच्च अदालतमा मुद्दा पुनरावेदन गर्दा नगदै धरौट राख्नुपर्ने हालको व्यवस्थालाई सम्बोधन गरी सोको सट्टामा नगद धरौट वा मुद्दाको अवधीभर खाम्ने गरी बैङ्क जमानत राखेर पनि मुद्दा पुनरावेदन गर्न सकिने व्यवस्था मिलाईएको छ। यसबाट मुद्दा पुनरावेदनमा व्यावसायिक लागत न्यून हुन जानेछ।

## ३. कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ मा संशोधनः

- बजारमा प्रतिस्पर्धाको माध्यमबाट नै वस्तुको मूल्य निर्धारण हुने हुँदा कानूनद्वारा नै मुनाफाको प्रतिशत निर्धारण गरिरहन मनासिव नहुने, साथै उपभोक्ताको हित संरक्षण गर्नका निमित्त छुट्टै उपभोक्ता संरक्षण ऐन, २०७५ कार्यान्वयनमा रहेको अवस्थामा व्यवसायिक मुनाफालाई "कालोबजारी" को रुपमा व्याख्या गर्नु मनासिव हुने नदेखिएकोले त्यससम्बन्धी व्यवस्था हटाईएको।

## ४. मध्यस्थता ऐन, २०५५ मा संशोधनः

- विकास निर्माणसम्बन्धी विवादहरू मध्यस्थताको विधिबाट शीघ्र समाधान हुन सहज होस् भनेर पक्षहरूले सम्झौता वा सहमतिमा द्रुत मध्यस्थता सेवा अवलम्बनको व्यवस्था गरिएको छ।
- मध्यस्थताको विधिबाट भएको निर्णयको कार्यान्वयन शीघ्र बनाउन समयसीमाहरू निर्धारण गरिएको छ।

## ५. बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा संशोधनः

- बैङ्क वा वित्तीय संस्थाले कर्जा दिँदा आफूलाई मान्य हुने चल अचल सम्पत्तिको अलावा सार्वजनिक निजी साझेदारीको अवधारणा अन्तर्गत परियोजना कार्यान्वयन गर्न सरकार र लगानीकर्ताबीच भएको परियोजना विकास सम्झौतालाई समेत सुरक्षणको रूपमा स्वीकार गरी कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरिएको छ।

## ६. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ मा संशोधनः

- रु.३ करोडसम्मको विगो भएको राजस्व चुहावटसम्बन्धी कसुरलाई अदालतमा मुद्दाको रुपमा दायर गर्नु भन्दा कर निर्धारण गरी राजस्व असुली गर्न उपयुक्त हुने देखिएको हुँदा ऐनको दफा १३क. को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांश (मुद्दामा नै जानुपर्ने भन्ने व्यवस्थालाई) हटाईएको छ।
- राजस्व चुहावटसँग सम्बन्धित कसुरमा मुद्दा दायर गर्दा वादी (सरकार) तथा प्रतिवादी दुवै पक्षलाई अदालती प्रक्रियामा लामो समय र लागत लाग्ने, साथै व्यवसाय समेत बन्द हुने सम्भावना रहने र यसबाट अर्थतन्त्रमा नकारात्मक असर पुग्ने देखिएको हुँदा सम्बन्धित प्रतिवादीले राजस्व चुहावट सम्बन्धमा कानून बमोजिम निर्धारण गरिएको कर तथा शुल्क जरिवाना बुझाउन राजी भई त्यस्तो रकम दाखिला गरेमा जतिसुकै रकम विगो भएको मुद्दा पनि अदालतमा प्रक्रिया चलाईरहनु मनासिव हुने नदेखिएको हुँदा यससम्बन्धी व्यवस्था गरिएको छ।
- अदालतमा बिचाराधीन मुद्दामा प्रतिवादीले बिगो र लाग्ने जरिवाना भुक्तानी गरी मिलापत्र गराई पाउँ भनी निवेदन दिएमा त्यस्तो मुद्दालाई निरन्तरता दिनु भन्दा मिलापत्रमा जानु उपयुक्त हुने हुँदा यस सम्बन्धी प्रावधान थपिएको छ।
- कतिपय अवस्थामा प्रतिवादी अज्ञानतावश राजस्व चुहावटजन्य गतिविधिमा संलग्न भएको हुनसक्ने वा उपलब्ध कागजातबाट निजको संलग्नता रहेको देखिए तापनि राजस्व चुहावट गर्ने प्रष्ट बदनियत नरहेको अवस्थामा निजउपर मुद्दा चलाउनु फौजदारी न्यायको दृष्टिकोणले उपयुक्त नहुने। अतः जानाजान वा बदनियतपूर्वक राजस्व छल्ने नियतले कुनै कार्य गरेकोमा बाहेक अन्य अवस्थामा परिस्थिति हेरेर यस ऐन बमोजिम दायर भएको मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा उल्लिखित कार्यविधि अवलम्बन गरी फिर्ता लिन सकिने व्यवस्था गरिएको छ।

## ७. कम्पनी ऐन, २०६३ मा संशोधनः

- श्वेट शेयरलाई व्यवस्थित गर्दै स्टार्ट-अप उद्यमको हकमा चुक्ता पुँजीको ४०% र कम्पनीको हकमा २०% प्रतिशत शेयर व्यक्तिलाई प्रदान गर्न सकिने व्यवस्था गरिएको छ।
- एउटा प्राइभेट कम्पनीको सञ्चालक समान उद्देश्य भएको अर्को प्राइभेट कम्पनीमा पनि सञ्चालक हुन सक्ने व्यवस्था गरिएको छ।
- पब्लिक कम्पनीमध्ये बैङ्क, वित्तीय तथा बीमा क्षेत्रसँग सम्बन्धित पब्लिक कम्पनी बाहेक एउटा पब्लिक कम्पनीको सञ्चालक समान उद्देश्य भएको अर्को पब्लिक कम्पनीमा सञ्चालक हुन सक्ने व्यवस्था गरिएको छ।
- प्राईभेट कम्पनीले प्रिमियम मूल्यको शेयर जारि गर्दा हाल कम्पनी रजिस्ट्रार कार्यालयको थप स्वीकृति र तीन वर्षको लेखापरीक्षणको व्यवस्था हटाई प्रक्रिया सरल गरिएको छ।
- कम्पनी दर्ता सहज तरिकाले हुने, तर बन्द गर्दा हुने झन्झटलाई अन्त्य गरिएको छ। हाल सञ्चालनमा नरहेको वा नियमित विवरण पेश नगरेको वा बक्यौता जरिबाना नबुझाएको कम्पनीले दर्ता खारेज गर्न चाहेमा लाग्ने जरिबाना रकम वा कम्पनीको चुक्ता पुँजीको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकममध्ये जुन कम हुन्छ सो रकम संलग्न गरी कार्यालयमा निवेदन दिएमा कम्पनीको दर्ता खारेज गर्न सकिने व्यवस्था गरिएको छ।

## ८. विशेष आर्थिक क्षेत्र ऐन, २०७३ मा संशोधनः

- विशेष आर्थिक क्षेत्र भित्र स्थापना हुन अनुमतिपत्रवालाले उद्योग स्थापना र सञ्चालनका सम्बन्धमा हाल कति समयसम्म सम्झौता गरिसक्नुपर्ने भन्ने प्रष्ट व्यवस्था नभएको सन्दर्भमा यसलाई १२० दिनभित्र गरिसक्नुपर्ने व्यवस्था गरिएको छ।
- विशेष आर्थिक क्षेत्र भित्र स्थापना भएका उद्योगले आफ्नो उत्पादनको न्यूनतम ३० प्रतिशत अनिवार्यरुपमा निर्यात गर्नुपर्ने रहेकोमा कुनै उद्योगले काबु बाहिरको परिस्थिति परी निर्यात गर्न असमर्थ भएको अवस्थामा प्राधिकरणको पूर्वस्वीकृति लिई त्यस्तो अवधिभर अनुमति पाएको परिमाण नेपालको आन्तरिक बजारमा बिक्री गर्न सक्ने गरी व्यवस्था गरिएको छ।
- विशेष आर्थिक क्षेत्रको उद्योगले जग्गा बाहेकको स्थिर सम्पत्ति वा सम्झौतालाई पनि बैङ्क तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्ने व्यवस्था गरिएको छ।
- विशेष आर्थिक क्षेत्र बाहिर रही स्थापना पश्चात निश्चित वर्षसम्म कर छुटको सुविधा प्राप्त गरिरहेका कुनै उद्योग विशेष आर्थिक क्षेत्रमा स्थानान्तरण भएमा पनि बाँकी अवधीका लागि त्यस्तो सुविधा निरन्तर रहने व्यवस्था गरिएको छ।
- उत्पादन मुलक उद्योगले मात्र विशेष आर्थिक क्षेत्र भित्र रहेका उद्योगलाई उत्पदान बिक्री गर्दा निर्यात गर्ने उद्योग सरह सुविधा प्राप्त गर्ने हालको व्यवस्थामा सेवा मुलक उद्योगलाई पनि समावेश गरिएको छ।

## ९. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा संशोधनः

- प्रविधि हस्तान्तरण गरे बापत प्राप्त हुने विदेशी मुद्रा विदेशी विनिमय नियमित गर्ने सम्बन्धी प्रचलित कानूनको अधीनमा रही विदेशमा संस्थापना वा दर्ता भएको सीमित दायित्वको साझेदारी, फर्म, लगानी कोष, कम्पनी वा सीमित दायित्व रहने गरी संस्थापित यस्तै प्रकृतिको निकायमा लगानी गर्न सक्ने व्यवस्था गरिएको छ।
- विदेशी लगानीकर्ताले कुनै उद्योगमा स्वपुँजी लगानी (इक्विटी) गर्ने प्रयोजनको लागि नेपाल धितोपत्र बोर्डको स्वीकृति लिएर पुँजी लगानी कोष (भेन्चर क्यापिटल फण्ड) वा नेपाल धितोपत्र बोर्डमा दर्ता भएको विशिष्टीकृत लगानी कोषको इकाई खरिद गरी विदेशी लगानी गर्न सक्ने व्यवस्था मिलाईएको छ।
- कुनै पनि नेपाली उद्योगले प्रचलित नेपाल कानून बमोजिम नेपाल राष्ट्र बैङ्कको स्वीकृतिमा विदेशी वित्तीय संस्थाबाट परियोजना ऋण (प्रोजेक्ट लोन) वा परियोजना लगानी (प्रोजेक्ट फाईनान्सिङ्ग) सम्झौता गरी ऋण लिन सक्ने व्यवस्था मिलाईएको छ।

## १०. सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ मा संशोधनः

- लगानी बोर्डको कार्यालयमा आवश्यक सल्लाहकार वा विशेषज्ञको सेवा लिन सकिने व्यवस्था मिलाईएको छ।
- लगानी बोर्डको कार्यालयमा रहने एकल बिन्दु सेवा केन्द्रमा सम्बन्धित सरोकारवाला निकायबाट प्रचलित कानून बमोजिम निर्णय गर्ने अख्तियारीसहित कर्मचारी खटाउनु पर्ने व्यवस्था गरिएको छ।
- बोर्डमार्फत् सञ्चालन हुने आयोजनाको दर्ता, स्वीकृति र कार्यान्वयन प्रक्रियालाई द्रुत गतिमा अघि बढाउन स्वचालित विद्युतीय प्रणाली प्रयोग गर्न सकिने व्यवस्था गरिएको छ।
- बोर्डबाट कार्यान्वयन हुने परियोजनाबाट नेपाल सरकारलाई प्राप्त हुने आम्दानीको निश्चित अंश सालबसाली विनियोजन ऐनबाट छुट्टयाइ बोर्डको कोषमा जम्मा हुने व्यवस्था गरिएको छ।

## ११. औद्योगिक व्यवसाय ऐन, २०७६ मा संशोधन (१):

- हाल दर्ता नभई सञ्चालनमा रहेका उद्योगहरूलाई बन्द गर्ने प्रावधान हटाई जरिवाना लिई उद्योग दर्ता गराएर सञ्चालनमा ल्याउन सकिने व्यवस्था गरिएको छ।
- उद्योग दर्ता प्रक्रियालाई छिटो छरितो र सुनिश्चित गर्नका लागि तत् सम्बन्धी निवेदन पेश भएको मितिले १५ दिनभित्र सम्बन्धित अधिकारीले निर्णय गरिसक्नुपर्ने, अन्यथा उद्योग स्थापना वा सञ्चालन गर्न बाधा नपर्ने र त्यसरी स्थापना भएका उद्योगलाई पनि सम्बन्धित अधिकारीले दर्ता प्रमाणपत्र दिनुपर्ने व्यवस्था गरिएको छ।
- उद्योग दर्ता गर्न औद्योगिक तथा लागनी प्रवर्द्धन बोर्डबाट अनुमति लिएका उद्योगहरूले निर्धारित समयावधिभित्र उद्योग दर्ता गर्न नसकेमा साविकमा त्यस्तो अनुमति स्वतः खारेज हुने व्यवस्था रहेकोमा सोलाई संशोधन गरी अब तोकिएको समयावधिभित्र दर्ता गर्न नसक्नुको कारण खोली अनुमतिपत्रको म्याद थपको लागि निवेदन गर्न सकिने र कारण मनासिब लागेमा बोर्डले अनुमतिपत्रको अवधि थप गर्न सक्ने व्यवस्था गरिएको छ।
- कुनै पनि उद्योगले प्रचलित नेपाल कानून बमोजिम नेपाल राष्ट्र बैङ्कको स्वीकृतिमा विदेशी वित्तीय संस्थाबाट परियोजना ऋण (प्रोजेक्ट लोन) वा परियोजना लगानी (प्रोजेक्ट फाइनान्सिङ्ग) सम्झौता गरी ऋण लिन सक्ने व्यवस्था गरिएको छ।
- वार्षिक पाँच करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने सफ्टवेयर विकास, तथ्याङ्क प्रशोधन, बिजनेस प्रोसेस आउटसोर्सिङ्ग वा नलेज प्रोसेस आउटसोर्सिङ गर्ने सूचना प्रविधिमा आधारित उद्योगलाई तोकिए बमोजिम सुविधा र सहुलियत प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ।

## ११. औद्योगिक व्यवसाय ऐन, २०७६ मा संशोधन (२):

- प्रचलित कानून बमोजिम हदबन्दीभन्दा बढी जग्गा राख्न अनुमति प्राप्त उद्योगले त्यस्तो अनुमती प्रदान गर्दा तोकिएको शर्तको अधीनमा रही परियोजना कर्जा (प्रोजेक्ट फाइनान्सिङ्ग) लिन वा परियोजना सञ्चालन सम्बन्धमा सरकारसँग गरिएको सम्झौता बमोजिम तोकिएको अवधी पश्चात् सम्पूर्ण परियोजना सरकारलाई हस्तान्तरण हुने गरी परियोजना कार्यान्वयनको हकमा हदबन्दीभन्दा बढीको जग्गा पनि सरकारमा ऋणको दायित्व नसर्ने गरि बैङ्क तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्ने व्यवस्था गरिएको छ।
- राष्ट्रिय प्राथमिकताप्राप्त उद्योगको सूचीमा तारेस्तरको होटल, पर्यापर्यटन रिसोर्ट, जलयात्रा (क्रुज) र जलक्रिडा (वाटर इन्टरटेन्मेन्ट) लाई समेत समेटिएको छ। यस्तो व्यवस्थाबाट ती उद्योगहरूले आवश्यकता बमोजिम हदवन्दी भन्दा बढी जग्गा खरिद गर्न र खरिद गरेको हदवन्दी भन्दा बढी जग्गाको ५० प्रतिशत जग्गा बैङ्कमा धितो राखि ऋण लिन पाउनेछन्। आयात गर्ने मेशिनरी वा १० किलोवाट वा सो भन्दा बढी क्षमताको जेनेरेटर वा औद्योगिक उपकरण न्युनतम भन्सार दरमा खरिद गर्न सक्नेछन्। ठुला उद्योग सरहका तारे होटललाई नपुग सरकारी जग्गा उपलब्ध हुनेछ। एक अर्व भन्दा बढी पूँजी लगानी भएका र वर्ष भरी नै ५०० भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी प्रदान गर्नेलाई ५ वर्षसम्म पुर्णरुपमा आयकरमा छुट र त्यसपछी ३ वर्षसम्म ५० प्रतिशत छुट हुनेछ। तर हालसालै सञ्चालनमा आएका तारे होटलले कम्तिमा २५ प्रतिशत जडीत क्षमता वृद्धि गरी २ अर्व पूँजी पुर्‍याई ३०० भन्दा बढीलाई वर्ष भरी प्रत्यक्ष रोजगारी प्रदान गरेमा त्यसरी क्षमता वृद्धि गरी प्राप्त आयमा ५ वर्षसम्म पुर्ण रूपमा आयकरमा छुट हुनेछ। औद्योगिक प्रवर्द्धन वोर्डको सिफरिसमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी थप सेवा सुविधा प्रदान गर्न सक्ने छ।
- कोष व्यवस्थापन (फन्ड म्यानेजमेन्ट) र सम्पत्ती व्यस्थापन (आसेट म्यानेजमेन्ट) लाई पनि सेवा उद्योगको वर्गमा थप गरिएको छ।

# निजीकरण (पहिलो संशोधन) अध्यादेश, २०८१

- ऐनको नाममा परिवर्तन गरी "सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन ऐन, २०५०" कायम गरिएको छ।
- सरकारी लगानी व्यवस्थापन समिति (साविकको निजीकरण समिति) को काम, कर्तव्य र अधिकारमा केही थप र परिमार्जन गरिएको छ।
- सार्वजनिक प्रतिष्ठानमा रहेको सरकारी लगानी व्यवस्थापन सम्बन्धी निर्णयलाई व्यवस्थित रूपमा कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न अर्थसचिवको संयोजकत्वमा सम्बन्धित मन्त्रालयका प्रतिनिधि संलग्न कार्यान्वयन समितिको गठन गरी काम, कर्तव्य र अधिकार तोकिएको छ।
- प्रतिष्ठानमा रहेको सरकारी लगानी व्यवस्थापन सम्बन्धमा निजी क्षेत्रबाट प्राप्त प्रस्तावको मूल्याङ्कन गर्दा "प्रतिष्ठानलाई साविककै प्रकृतिमा सञ्चालन गर्ने" भन्ने आधारको सट्टामा "प्रतिष्ठानलाई उच्च प्रतिफल प्राप्त हुनेगरी सञ्चालन गर्ने" भन्ने आधार राखिएको छ। यस्तो आधारको प्रयोगबाट त्यस्ता प्रतिष्ठानको व्यवस्थापन मार्फत उच्च प्रतिफल प्राप्त हुन सक्नेछ।

# आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१ (१)

नेपाल सरकार

अर्थ मन्त्रालय
MINISTRY OF FINANCE

- प्रचलित कानून बमोजिम स्थापना भएका सङ्घीय सञ्चित कोष बाहेकका अन्य सरकारी कोषमा बाँकी रहेको मौज्दात रकममध्ये पूरै वा आंशिक रकम पछि दायित्व सिर्जना हुँदाका बखत अर्थमन्त्रालयले निकासा (Reimburse) गर्ने गरी सङ्घीय सञ्चित कोषमा जम्मा गर्न सकिने।
  - नेपालको संविधान अनुसार गूठी रकम बाहेकका सरकारलाई प्राप्त हुने सबै प्रकारका रकम सञ्चित कोषमा आम्दानी बाधिने (धारा ११६),
  - वर्तमान संविधान जारी हुनु अगाडिदेखि विभिन्न परिस्थितिमा कानून बमोजिम विभिन्न कोषहरूको स्थापना गरिएकोमा हाल कतिपय कोषहरूको औचित्य नरहेको, साथै ति कोषहरूमा विगत लामो समयदेखि प्रयोगविहिन अवस्थामा रकम रहेको,
  - सङ्घीय सञ्चित कोष विगत १ दशक भन्दा लामो समयदेखि निरन्तर ऋणात्मक अवस्थामा रहेको र स्रोत व्यवस्थापनका लागि सरकारले ब्याज तिरेर ऋण लिनुपरेको,
  - उल्लिखित परिस्थितिमा प्रयोगविहिन अवस्थामा रहेका सरकारी कोषहरूमा रहेको रकमको उत्पादनशील प्रयोग गर्नु जरुरी रहेको,
  - छरिएर रहेका विभिन्न कोषहरूको वर्गीकरण (कुनलाई निरन्तरता दिने, कुनलाई खारेज गर्ने, कुनलाई यथावत राख्ने, कुनलाई स्थानान्तरण गर्ने) सम्बन्धमा महालेखा नियन्त्रकको कार्यालयबाट अध्ययन भैरहेको,
  - आवश्यकता र औचित्यका आधारमा निरन्तरता दिनुपर्ने कोषहरूमा वार्षिक विनियोजनको माध्यमबाट रकम व्यवस्था गर्न उपयुक्त हुने,
  - कोषहरूको लेखाप्रणाली र वित्तीय प्रतिवेदनलाई सरकारी प्रणालीभित्र ल्याउनु आवश्यक देखिएको।

- बजेट तर्जुमा गर्दा स्रोतको उपलब्धता, खर्चको आवश्यकता र खर्च गर्न सक्ने क्षमता समेतको आधारमा मन्त्रालय तथा केन्द्रीय निकायबाट प्रस्ताव भएको बजेट रकम, कार्यक्रम वा क्रियाकलापमा अर्थ मन्त्रालयले थपघट वा परिमार्जन गरी बजेटलाई अन्तिम रूप दिन सक्ने। साथै प्रस्तावित बजेट तथा कार्यक्रममा सारभूत रूपमा थपघट वा परिमार्जन भएमा सोको जानकारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतलाई दिईने छ।

- मन्त्रालय तथा केन्द्रीय निकायले बहुवर्षीय आयोजनाको स्रोत सहमति प्रस्ताव गर्दा क्रमागत तथा बहुवर्षीय आयोजनाको सङ्ख्या र सिर्जित दायित्व समेत विश्लेषण गरी अर्थ मन्त्रालयले निर्धारण गरेको मापदण्डको अधीनमा रही आगामी वर्षको बजेट सीमाभित्र सिर्जित दायित्व व्यवस्थापन गर्न सकिने पुष्ट्याईं सहित योजना आयोग र अर्थ मन्त्रालयमा स्रोत सहमतिको प्रस्ताव गर्न सक्ने। यससम्बन्धी व्यवस्था हाल विनियोजन ऐनबाट हुँदै आएकोमा सोलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनमा नै व्यवस्था गरिएको छ।

- नेपाल सरकारले प्रदेश वा स्थानीय तहलाई सशर्त, समपूरक वा विशेष अनुदान बापत उपलब्ध गराएको वित्तीय हस्तान्तरणको रकम सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी भएमा सम्बन्धित प्रदेश वा स्थानीय तहले त्यस्तो रकम सोही आर्थिक वर्षभित्र सङ्घीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने छ।

# आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१ (३)



- कार्यक्रम संशोधन, रकमान्तर वा स्रोतान्तर सम्बन्धी व्यवस्थालाई देहायबमोजिम थप व्यावहारिक बनाईएको छः
  - स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतको कुनै कार्यक्रम कार्यान्वयन गर्न नसकिने अवस्था भएमा वा त्यस्तो कार्यक्रममा विनियोजित रकम स्वीकृत कार्यक्रम भित्रको अन्य कुनै क्रियाकलापमा खर्च गर्नु पर्ने भएमा मन्त्रालयको सिफारिसमा अर्थ मन्त्रालयले कार्यक्रम संशोधन गर्न सक्ने।
  - आर्थिक वर्षको बीचमा वैदेशिक अनुदान तथा ऋण सम्झौता भई तत्काल सञ्चालनमा रहेको आयोजनामा थप रकम समावेश गर्नु पर्ने भएमा विनियोजन ऐनमा समावेश भएको वैदेशिक सहायतातर्फको कुल रकममा नबढ्ने गरी मन्त्रालय तथा केन्द्रीय निकायबाट अनुरोध भई आएमा अर्थ मन्त्रालयले त्यस्तो आयोजनाको लागि रकमान्तर वा स्रोतान्तर गर्न सक्ने।
  - विपद् व्यवस्थापनमा खर्च गर्न तत्काल स्रोत व्यवस्था गर्नु पर्ने भएमा अर्थ मन्त्रालयले कुल वार्षिक बजेटको सीमाभित्र रही सम्बन्धित मन्त्रालय वा केन्द्रीय निकायको स्वीकृत कार्यक्रममा थप कार्यक्रम वा क्रियाकलाप समावेश गरी रकमान्तर, स्रोतान्तर वा थप निकासा गर्न सक्ने।

# आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, २०८१ (४)

नेपाल सरकार

अर्थ मन्त्रालय
MINISTRY OF FINANCE

| क्रियाकलाप | समयसीमा |
|---|---|
| • राष्ट्रिय योजना आयोगले स्रोत तथा खर्चको सीमा अनुमान गर्ने | • माघ मसान्त भित्र |
| • रा.यो.आ.ले बजेट सीमा, मध्यमकालीन खर्च संरचना खाका तथा बहुवर्षीय स्रोत सुनिश्चितता बमोजिमको रकम समेत उल्लेख गरी आयोजना तथा कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धी मार्गदर्शन अर्थमन्त्रीसमक्ष पेश गर्ने। | • फागुन ७ भित्र |
| • अर्थ मन्त्रालयले बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गरी मन्त्रालय तथा केन्द्रीय निकायमा पठाउने। | • फागुन १५ गतेभित्र |
| • अर्थमन्त्रीले विनियोजन विधेयकमा समावेश हुने सरकारका बजेट तथा कार्यक्रमका सिद्धान्त र आयोजना वा कार्यक्रमको प्राथमिकताको विवरण सङ्घीय संसद्मा प्रस्तुत गर्ने। | • वैशाख १५ भित्र |
| • सङ्घीय संसदमा पेश भएको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकताको विवरण उपर सङ्घीय संसद्ले सैद्धान्तिक छलफल गरी त्यसमा कुनै विषय समावेश गर्नु पर्ने, हटाउनु पर्ने वा सो सम्बन्धी कुनै सुझाव वा निर्देशन दिन आवश्यक देखेमा अर्थ मन्त्रालयमा त्यस्तो सुझाव तथा निर्देशन पठाउने। | • वैशाख मसान्तभित्र |

# धन्यवाद !